

# राष्ट्रिय वाणिज्य बैंक लि.
# समाचार


देशको आर्थिक सामाजिक विकासमा ४९ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक

वर्ष २२ अंक १ साउन–असोज २०७१ Year 22 Vol 1 Aug.-Oct. 2014


## राष्ट्रिय वाणिज्य बैंकद्वारा दैवीप्रकोप उद्धार कोषमा रु २५ लाख सहयोग

### राष्ट्रिय विपत्तिहरूमा सबैले सहयोग गर्नु पर्छ –प्रधानमन्त्री कोइराला

भाद्र २८ काठमाडौ

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु २५ लाख सहयोग प्रदान गरेको छ। प्रधानमन्त्री निवास वालुवाटारमा आयोजित एक कार्यक्रममा बैंक संचालक समितिका अध्यक्ष डा.रेवत बहादुर कार्कीले उक्त रकमको चेक प्रधानमन्त्री सुशिल कोइरालालाई हस्तान्तरण गर्नुभएको थियो। सो अवसरमा अध्यक्ष कार्कीले प्रधानमन्त्री कोइरालाले राष्ट्रिय विपत्तिमा सबैले एक भएर सहयोग पुरयाउन गरेको आह्वानलाइ सम्मान गर्दै वाढी पहिरो लगायतका दैवी प्रकोपबाट पीडित सर्वसाधारण जनतालाई राहत दिने तथा पुनस्थापना गर्ने कार्यमा सरकारलाई सघाउन सो रकम प्रदान गरिएको वताउनुभयो। सो अवसरमा प्रधानमन्त्री कोइरालाले राष्ट्रिय विपत्तिहरूमा यसरी नै सबैले मिलेर सहयोग गर्नु पर्ने वताउँदै राष्ट्रिय वाणिज्य बैंकले उल्लेख्य सहयोग उपलव्ध गराएकोमा धन्यवाद ज्ञापन गर्नुभयो। उक्त कार्यक्रममा बैंक संचालक समितिका सदस्यहरू, बैकका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्मा र वरिष्ट कर्मचारीहरूको समुपस्थिति थियो।



## यस अंकमा


- दैवी प्रकोप पीडितलाई बैंकद्वारा रु २५ लाख सहयोग
- रावाबैंक संचालक समितिको अध्यक्षमा डा.कार्की
- रावाबैंकको संस्थापक शेयरप्रति लगानीकर्ताको...
- विभन्न स्थानहरूमा बैंकका शाखा विस्तार
- रावाबैंकको गत वर्षको मुनाफा
- बैंक परिसरमा रुद्री पूजा सम्पन्न
- साथमा तालीम, यूनियन गतिविधि...


## रा.वा. बैंक लि. सञ्चालक समितिको अध्यक्षमा डा. कार्की



नेपाल सरकारको मिति ०७१।५।१९ को निर्णयानुसार राष्ट्रिय वाणिज्य बैंक संचालक समितिको अध्यक्षमा डा. रेवत बहादुर कार्की (पिएच.डि) नियुक्त हुनुभएको छ। वि.सं.२००९ मा माम्खा -१ ओखलढुङ्गामा जन्मनु भएका त्रिविविबाट अर्थशास्त्रमा स्नातकोत्तर, कानुनमा स्नातक डा. कार्कीले मगध विश्वविद्यालय वोधगया (भारत) बाट अर्थशास्त्रमा पिएच.डि. उपाधी हासिल गर्नुभएको छ। नेपाल राष्ट्र बैंकमा आर्थिक सल्लाहकार, नेपाल स्टक एक्सचेन्जमा महाप्रवन्धक, मध्यमान्चल ग्रामीण विकास बैंकमा कार्यकारी निर्देशक ,नेपाल धितोपत्र वोर्डको विज्ञ सदस्य र अन्तर्राष्ट्रिय मुद्रा कोषको सल्लाहकार , यु.एन.डि.पि.अन्तर्गत बैंक अफ नामिवियामा अर्थशास्त्री विश्व बैंकको कन्सल्टयान्ट लगायतका महत्वपूर्ण कार्यानुभव संगाल्नुभएका डा. कार्कीका विभिन्न पत्रपत्रिकामा दर्जनौं आर्थिक लेख रचनाहरू प्रकाशित छन्।

## विभिन्न स्थानहरूमा रावाबैंकको शाखा तथा काउन्टर विस्तार

असार ११, दुहवी सुनसरी,

अर्थ मन्त्री डा.रामशरण महतले सुनसरी जिल्लाको महत्वपूर्ण व्यापारिक केन्द्र दुहवीमा राष्ट्रिय वाणिज्य बैंक लि. शाखा कार्यालय दुहवीको समुद्घाटन गर्नुभयो। सो अवसरमा प्रमुख अतिथि अर्थमन्त्री डा. रामशरण महतले नेपाल सरकारले लागू गरेको वित्तीय क्षेत्र सुधार कार्यक्रमबाट रावाबैंकको समग्र अवस्थामा सुधार आई सक्षमता अभिवृध्दि भएको वताउँदै पूर्ण सरकारी बैंकको नाताले यस बैंकले सरकारको नीति कार्यान्वयनमा सघाउनुका साथै व्यापारी, उद्यमी,किसान तथा सर्वसाधारण जनतालाइ बैकिंग सेवा उपलव्ध गराउनुपर्ने वताउनुभयो। राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका अध्यक्ष डा. नरहरि ढकालको सभापतित्वमा सम्पन्न उक्त समुद्घाटन समारोहमा राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले स्वागत मन्तव्य दिनुभएको थियो।



*अर्थमन्त्री डा. रामशरण महत समुद्घाटन गर्दै*

*बाँकी पृष्ठ ३ मा*

## सम्पादकीय

### कृषि एवं साना मझौला उद्यममा कर्जा विस्तारको आवश्यकता

देशमा वेरोजगारीको अवस्था दिनानुदिन बढ्दै छ ,उत्पादनशील सक्रिय जनशक्ति विदेश पलायन हुने क्रम बढिरहेको छ। अर्कोतर्फ कृषि प्रधान देशमा अधिकांश कृषि योग्य जमिन बाँझै रहेको तथ्य र कृषि उपजकै आयात पेट्रोलियम पदार्थ पछि दोश्रो क्रममा रहेको तथ्यांकले हाम्रो अर्थतन्त्रले भोगिरहेको दुर्नियती झल्काउँछ । देशमा यो स्थिति आउनुमा केही हदसम्म बैंकहरू पनि जिम्मेवार रहेको सामाजिक गुनासो पनि सुनिन थालेको छ। यो गुनासोको सत्यासत्य आफनो ठाउंमा रहेतापनि बैकहरूले यसलाई नजरअन्दाज भने गर्न मिल्दैन । राष्ट्रिय वाणिज्य बैंक संचालक समितिको अध्यक्षमा करिव तीन वर्ष रही हाल अलग हुनुभएका डा. नरहरि ढकालले आफनो विदाई समारोहमा बैंकद्वारा कृषि र साना मझौला उद्यममा कर्जा विस्तार गर्न नसकिएको स्वीकारोक्तिले यस दिशामा गंभीरतापूर्वक सोच्न घच्घच्याएको छ । कृषिजन्य वस्तुको व्यापक बजार हुंदाहुंदै पनि किन बढ्न सकेन उत्पादन , सरकारको कृषि कर्जामा प्रोत्साहन नीतिको वावजुद किन बढ्न सकेन कृषि कर्जाको माग ? यसमा हाम्रा आन्तरिक कारण या वाह्य कारण के जिम्मेवार छन् त्यो पहिल्याई नयां दिशा लिनै पर्ने भएको छ। देशमा उत्पादन ,रोजगारी तथा आय बृध्दिमा कृषि र साना मझौला उद्यम कर्जाको विस्तारले महत्वपूर्ण भूमिका खेल्न सक्ने हुंदा यस क्षेत्रमा कर्जा विस्तार निम्ति चालिनुपर्ने अल्पकालीन तथा दीर्घकालीन कदमसम्वन्धमा यससम्वन्धी विज्ञहरू र सबै सरोकारवालाको परामर्श लिएर आगामी वाटो तय गर्नु छ । यसै दिशामा परिलक्षित हुन सकून हाम्रा कदमहरू ।

## ग्राहक संचेतना

बैकिंग क्षेत्रमा बढ्दो प्रविधिको प्रयोगसंगै जोखिम पनि वढ्दा छन्। केही समयअघि हिमालयन बैंक र नविल बैंकमा घटेको एटिएम काण्ड यसको सानो उदाहरण हो। कार्डको नक्कल,संगठित रूपले बैंकको साइट ह्याकिंग,पासवर्ड तथा पिन नम्बर चोरी,अनधिकृत रकम झिकाई ,फिसिंगजस्ता अपराधका घटनाहरू बेलाबेलामा सुन्न आइरहने सन्दर्भमा यस्ता अपराधबाट जोगाउन/जोगिन बैंक र सेवाग्राही दुबै पक्षबाट सक्रियता र सजगता आवश्यक हुन्छ। यस्ता दुर्घटनाबाट जोगिन ग्राहक वर्गले अपनाउनु पर्ने सजगता एवं सावधानी देहाय अनुसार रहेका छन् :

- **खाता नम्बर ,पिन नम्बर,पासवर्डजस्ता कुरा कसैसंग नवांड्ने**
- **आफनो कम्प्युटर मोवाईलजस्ता उपकरणमा सदैव एन्टि भाईरस अपडेट गर्ने**
- **बैकिंग कारोवारको लागि अरूको कम्प्युटर प्रयोग नगर्ने ,आफनैमात्र गर्ने**
- **पासवर्ड पिननम्बरजस्ता गोप्य कुरा मागिएका इमेल एसएमएसको जवाफ नदिने**
- **बैंकको साईट खोल्दा लिंकबाट नखोली साईट नै टाइप गर्नुका साथै खोलिएको साइट अधिकृत हो होइन यकिन गर्ने ,काम सकिए पछि लग अफ गर्न नभुल्ने।**
- **पासवर्ड राख्दा भरसक अक्षर अंक चिन्ह मिलाएर राख्नुका साथै समय समयमा परिवर्तन गर्ने।** *(साभार कारोवार दैनिक)*
- **साथै एटिएम,मोवाईल बैकिंगको पिन नं गोप्य राख्ने, यी नम्बरहरू मोवाईल सेटमा नराख्ने, अन्यत्र कतै लेखेर पनि नराख्ने,बेला बेलामा यी नम्वर वदलि राख्ने, कारोवारमा कतै शंका लागेमा तत्काल बैंकमा सम्पर्क गर्ने** (**रावावैंक समाचार**)

### तेश्रो आंखा

बैकहरू कृषि ऋणभन्दा अन्य ऋण लगानीमा रुचि राख्छन्, कृषि ऋण लिन चाहने किसानलाई बैंकका टाइ सुट लाएका कर्मचारीले सम्मानजनक व्यवहार नगर्ने हुंदा किसानहरू कर्मचारीछेउ जान नै हिचकिचाउंछन्, यदि गइहाले र रिन पाउने प्रकृया शुरु भयो भने ३० भन्दा बढी कागजातमा सही गराएर किसानलाई हैरान पार्छन्, यो रिन हो कि घिन भन्ने पार्छन् ।
(कृषि ऋण सम्वन्धमा एक राष्ट्रिय दैनिकमा प्रकाशित एक पत्रकारको टिप्पणी)

### भूल सुधार

यस समाचारको गतांकमा पुरष्कार शिर्षकमा के.का.सामान्य सेवा विभागका सि.इ.भवेशचन्द्र प्रधानांग हुनुपर्नेमा सम्पत्ति व्यवस्थापन विभागका हुन गएको तथा कारवाही शिर्षकमा शाखा कार्यालय हेटौंडाका सहायक पांचौ दामोदर पौडेल हुनुपर्नेमा दामोदर गौतम हुन गएकोले सच्याइएको छ।

# रावावैंक संचालक समितिका अध्यक्ष डा.ढकालको विदाई

असोज ६ काठमाडौं
विगत २ वर्ष ९ महिनायता राष्ट्रिय वाणिज्य बैंक संचालक समितिको अध्यक्षमा रही हालै जिम्मेवारीबाट अलग हुनुभएका डा.नरहरि ढकाल ( पिएच. डि.) को बैंकमा आयोजित एक समारोहका बीच विदाई गरियो। सो अवसरमा निवर्तमान अध्यक्ष ढकालले नीतिगत तहमा व्यवस्थापकीय स्थीरता दिन , बैंकको खुद



सम्पत्ति (नेट वर्थ) सकारात्मक बनाउन, सूचना प्रविधिमा फड्को मार्न तथा श्रम सम्वन्ध सुमधुर राख्न आफनो कार्यकालमा गरिएका प्रयास र प्राप्त उपलब्धिको स्मरण गर्नुभयो । निवर्तमान अध्यक्ष ढकालले आगामी दिनमा सूचना प्रविधिको प्रयोगमा थप सुधार र कर्जा निक्षेप अनुपात वृध्दिबाट राष्ट्रको विकासमा योगदान पुरयाउन र हरेक आधारमा बैकिंग बजारमा अग्रस्थानमा आउन रावावैंकलाइ शुभकामना दिनुभयो । सो अवसरमा बैंकको तर्फबाट उपहार प्रदान गर्दै राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका नवनियुक्त अध्यक्ष डा.रेवत बहादुर कार्कीले अध्यक्ष ढकालको कार्यकालमा बैंकले हासिल गरेका उपलब्धिको जगेर्ना गर्दै बैंकलाई नया उचाई दिने प्रतिवध्दता प्रकट गर्नुभयो । बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्माले अध्यक्ष ढकालको व्यवस्थापकीय तथा नेतृत्व शैली सहभागीतामूलक एवं अनुकरणीय रहेको चर्चा गर्दै श्री ढकालकै मार्गनिर्देशनमा बैंकले पूंजी योजना ,व्यावसायिक योजना ,ग्रामीणमुखी शाखा विस्तारका क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल गरेको वताउनुभयो। कम्पनी सचिव टेकराज जोशीको सहजिकरणमा सम्पन्न उक्त कार्यक्रममा बैंक संचालक समितिका सदस्यहरू, बैंकका नायव महाप्रवन्धकहरू,विभागीय प्रमुखहरू एवं बैंकमा कार्यरत ४ वटै युनियनका अध्यक्षहरूको उपस्थिति थियो।



*खोइ खोइ गनौं त पैसा ! सामाजिक बैंकिङ्गमा राष्ट्रिय वाणिज्य बैंक, बैंकको धादिङ्ग शाखाबाट पेन्सन बुझेपछि रकम गन्दै वृद्ध दम्पती, तस्विर सौजन्यः सीताराम अधिकारी रासस साभार नागरिक दैनिक*

## रावावैंकको संस्थापक सेयर खरिदमा लगानीकर्ताको व्यापक चासो

राष्ट्रिय वाणिज्य बैंकले आफनो नाममा रहेको नेपाल आवाश फाईनान्स कम्पनी लिमिटेडको १ लाख ९८ हजार ४ सय ९७ र नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडको ६२ लाख २० हजार ६६ कित्ता संस्थापक सेयर विक्रीको लागि विक्री प्रवन्धकमार्फत वोलपत्र आह्वान गरेकोमा नेपाल आवाश फाइनान्स कम्पनी लिमिटेडको पूरै र नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडको १२ लाख कित्ता सेयर खरिद निम्ति आवेदन परेको छ। प्राप्त आवेदन अनुसारका सेयरको वांडफांड कार्य छिटै पूरा हुंदैछ। नजिकिंदो चाडबाड र गत वर्षको डिभिडेण्ड पाउने/नपाउने संशयका वावजुद बैंकद्वारा विक्री खुला गरिएका संस्थापक शेयरको विक्री प्रक्रियामा सर्वसाधारण लगानीकर्ता र संचार जगतले देखाएको व्यापक चासो र अभिरुचिले शेयरहरूको उच्च विक्री योग्यता रहेको ठम्याई शेयर विश्लेषकहरूको रहेको छ।

यस अघि भाद्र १३ गते रावावैक र विक्री प्रवन्धकको संयुक्त आयोजनामा बैंकको स्वामित्वमा रहेको नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड र नेपाल आवाश फाइनान्स कम्पनी लिमिटेडको संस्थापक शेयर (Cross Holdings ) लिलाम विक्रीबारे सर्वसाधारण तथा संस्थागत लगानीकर्ताहरूलाई जानकारी दिने उध्देश्यले होटल अन्पूर्णमा वृहत पत्रकार सम्मेलन आयोजना गरिएको थियो । उक्त पत्रकार सम्मेलनमा राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्माले स्वागत मन्तव्य दिनुभएको थियो। सो अवसरमा प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्माले रावावैंकलाई राम्रो प्रतिफल दिइरहेका नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड र नेपाल आवाश फाइनान्स कम्पनी लिमिटेडका संस्थापक शेयरहरू (Cross Holdings) केन्द्रीय बैंकको निर्देशन पालना गर्ने क्रममा विक्री गर्न लागिएको वताउदै यसमा सहभागिता जनाइ महत्वपूर्ण वित्तीय संस्थाहरूको मालिक बन्ने अवसर छोप्न समस्त लगानीकर्ताहरूलाई आग्रह गर्नुभयो। सो अवसरमा विक्री प्रवन्धक नविल इन्भेष्टमेन्ट बैकिंग लिमिटेडका अनोज थापाले उक्त शेयरहरूको वजार मूल्य र लिलाम विक्री प्रकृयाका सम्वन्धमा विशेषः प्रस्तुती दिनुभएको थियो। राष्ट्रिय वाणिज्य बैंक ट्रेजरी विभागका प्रमुख भुपेन्द्र पाण्डेको संयोजनमा राष्ट्रिय स्तरका छापा तथा विद्युतीय संचार गृहका प्रतिनिधिहरू आमन्त्रित उक्त पत्रकार सम्मेलनमा वरिष्ट आर्थिक पत्रकारहरूको उल्लेख्य समुपस्थिति थियो। राष्ट्रिय वाणिज्य बैंकका नायव महाप्रवन्धकद्वय भेषराज पन्थी र विष्णुप्रसाद वैद्यको समुपस्थिति रहेको उक्त कार्यक्रममा विक्री प्रवन्धक नविल इन्भेष्टमेन्ट बैकिंग लिमिटेडका प्रमुख कार्यकारी अधिकृत प्रवीण रमण पराजुलीले धन्यवाद ज्ञापन गर्नुभएको थियो।

नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडको प्रति शेयर न्युनतम मूल्य रु ५३०। र नेपाल आवाश फाइनान्स कम्पनी लिमिटेडको प्रति शेयर न्युनतम मूल्य




रु १०१। कायम भई लिलाम विक्री गरिने यी शेयरहरू खरिद निम्ति इच्छुक लगानीकर्ताहरूले भाद्र १६ गतेदेखि ३० गते बैकिंग समयभित्र तोकिएका कार्यालयहरूमा वोलपत्र पेश गर्नु पर्ने प्रावधान थियो। कम्तिमा १०० कित्ता शेयर खरिद गर्न सकिने गरी मिलाइएको यस विक्री प्रवन्ध अनुसार वोलपत्र फारामहरू काठमाडौ उपत्यकाभित्र विशालवजार,थापाथली,वानेश्वर,महाराजगन्ज,गौशाला ,भोटाहिटी,टेकु,कलंकी,पुल्चोक ,ललितपुर,सूर्य विनायक स्थित रावावैंकका शाखा कार्यालय एवं नविल इन्भेष्टमेन्ट बैकिंग लिमिटेडको नक्शाल स्थित कार्यालय र मोफसलका वनेपा , नारायणगढ ,चितवन ,विराटनगर ,धरान ,हेटौंडा ,भैरहवा ,वुटवल ,नेपालगन्ज,महेन्द्रपुल,विर्तामोड, धनुषा ,विदुर, वीरगन्ज,धनगढी,तुलसीपुर दांग,लाहान,महेन्द्रनगर (कन्चनपुर) स्थित रावावैंकका शाखा कार्यालयहरूबाट निशुल्क रूपमा प्राप्त गर्न सकिने व्यवस्था मिलाईएको थियो। यस अघि साउन २८ गते राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड र नेपाल आवाश विकास वित्त कम्पनी लिमिटेडमा रहेको संस्थापक शेयरको सार्वजनिक विक्री निम्ति नविल इन्भेष्टमेन्ट बैकिंग लिमिटेडलाई निष्काशन प्रवन्धक (इस्यु म्यानेजर) को रूपमा नियुक्त गरेको थियो।

*पृष्ठ १ को बाँकी*

## विभिन्न स्थानमा रावाबैंकका शाखा...

**दुहवी**...सो समारोहमा पूर्व वन तथा भू संरक्षण राज्यमन्त्री भगवती चौधरी, उद्योग वाणिज्य संघ दुहवीका उपाध्यक्ष नरसिंह अग्रवाल, सुनसरी जिल्लाका प्रमुख जिल्ला अधिकारी चण्डेश्वर पोख्रेल लगायतका वक्ताले शुभकामना मन्तव्य दिनुभएको थियो । रावावैंक क्षेत्रीय कार्यालय विराटनगरका उप प्रमुख वीरेन्द्र थापाको उद्घोषणमा संचालित उक्त समारोहमा नेपाल राष्ट्र बैंक विराटनगरका मुख्य व्यवस्थापक दिपक बहादुर थापा, राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय ब्रान्च अपरेसन विभागका प्रमुख ओमप्रकाश आचार्य, क्षेत्रीय कार्यालय विराटनगरका प्रवन्धक गोपाल प्रसाद पौडेल, सशस्त्र प्रहरी वलका प्रहरी उपरिक्षक धिरेन्द्र पाण्डे लगायत स्थानीय उद्यमी व्यवसायी तथा सर्वसाधारणको भव्य उपस्थिति थियो।

**फर्पिंङ्ग (काठमाडौं)**

असार ३० काठमाडौं,

"हामीले सुरक्षाको प्रत्याभूति दिंदादिंदै ,यौटा अखवारमा प्रकाशित खवरको आधारमा यहांको शाखा रातारात सारिएकोमा हामीहरू यस्तो दुखी भएका थियौ मानौ हुर्केको छोरो केही गर्ला हेर्ला भन्ने आश गर्दागर्दै एकाएक घरबाट हरायो। आज १२ वर्ष पछि रावावैकको शाखा पुनस्थापना हुंदा हामीलाइ वर्षोपछि हराएको छोरो घर फर्केको अनुभूति भएको छ।" शुभारम्भ समारोहमा मन्तव्यका क्रममा स्थानीय प्रतिष्ठित उद्यमी एवं रावावैकका ग्राहक।




काठमाडौंको पश्चिमी भागमा अवस्थित व्यावसायिक केन्द्र फर्पिङ्ग बजारमा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड्को शाखा कार्यालय पुनर्स्थापना गरिएको छ। पुनर्स्थापित राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय फर्पिङ्गको राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका अध्यक्ष डा नरहरि ढकालले एक समारोहका बीच शुभारम्भ गर्नुभयो। सो अवसरमा प्रमुख अतिथि नरहरि ढकालले राष्ट्रिय वाणिज्य बैंकले पूर्ण सरकारी वाणिज्य बैंकको नाताले वित्तीय पहुंच र समावेशिता अभिवृध्दि निम्ति यस क्षेत्रका जनताको मागलाई सकारात्मक रूपमा लिइ शाखा पुनर्स्थापना गरेको वताउदै बैंकको लगानी सहयोगमा यस क्षेत्रमा संभावना रहेका साना मझौला तथा लघु उद्यम विस्तारमा सक्रियता बढाइ लाभान्वित हुन स्थानीय उद्यमी व्यवसायीलाइ आग्रह गर्नुभयो। सो अवसरमा विशिष्ट अतिथि राष्ट्रिय वाणिज्य बैकका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्माले बैंकसंग शिक्षक ,महिला,वालवालिका ,सेवा निवृत्त कर्मचारी ,किसान लगायतका विभिन्न वर्ग लक्षित कार्यक्रमहरू रहेकाले ती कार्यक्रमहरूमा सहभागिता जनाई पारस्परिक हित अभिवृध्दिमा सघाउन स्थानीय सर्वसाधारणलाई आग्रह गर्नुभयो। बैकिंग कारोवारबाट पारस्परिक लाभ सुनिश्चित गर्न बैंक र ग्राहक दुवैतर्फबाट वित्तीय अनुशासन पालना गरिनुपर्ने कुरामा जोड दिंदै प्रमुख कार्यकारी अधिकृत शर्माले रावावैंकले समन्वयात्मक स्वस्थ प्रतिष्पर्धाको माध्यमबाट यस क्षेत्रको विकासमा सहयोग पुरयाउने वताउनुभयो।

राष्ट्रिय वाणिज्य बैंक क्षेत्रीय कार्यालय काठमाडौंका प्रवन्धक उध्दव खनालको सभापतित्वमा सम्पन्न उक्त समारोहमा ब्रान्च अपरेसन विभागका प्रमुख ओमप्रकाश आचार्यले स्वागत मन्तव्य दिनुभएको थियो। सो समारोहमा स्थानीय लब्ध प्रतिष्ठित व्यक्तित्व एवं सामाजिक कार्यकर्ता श्याम बहादुर खत्री, त्रिभुवन आदर्श माध्यमिक विद्यालयका प्राचार्य राम बहादुर वस्नेत ,ने.कां.का प्रतिनिधि मोहन वस्नेत,ने.क.पा. एमालेका प्रतिनिधि रामकेशर खत्री, ने.क.पा.एमाओवादीका प्रतिनिधि संजीव लामा लगायतका वक्ताले शुभकामना मन्तव्य दिनुभएको थियो। राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालयका उप प्रवन्धक इश्वरी न्यौपानेको संचालनमा सम्पन्न उक्त शुभारम्भ समारोहमा स्थानीय भद्रभलाद्मी, उद्यमी ,व्यवसायी तथा सर्वसाधारणको वाक्लो उपस्थिति थियो। स्मरण रहोस् वि.सं.२०५८ सालमा शान्ति सुरक्षाका कारण उक्त शाखा स्थानान्तरित गरिएको थियो।

## शिवसरोजस्थल (कन्चनपुर)

नेपालको सुदुर पश्चिमको कन्चनपुर जिल्ला पुनर्वास नगरपालिकामा पुनस्र्थापित शाखा कार्यालय शिवसरोजस्थलमा  कन्चनपुर क्षेत्र नं १ बाट प्रतिनिधित्व गर्ने संविधान सभा सदस्य दिवानसिंह विष्ट र राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका अध्यक्ष डा. रेवत बहादुर कार्कीले संयुक्तरूपमा कारोवारको शुभारम्भ गर्नुभयो । उक्त समारोहमा प्रमुख अतिथि विष्टले लामो प्रयास पश्चात शाखा संचालनमा ल्याउन सफल भएकोमा प्रशन्नता व्यक्त गर्दै यसबाट उपलब्ध सेवाको उपभोगबाट स्थानीय स्तरमा समृध्दि बढ्ने अपेक्षा प्रकट गर्नुभयो । सो अवसरमा श्री विष्टले कृषि कर्जालाई सरल र सहज बनाउन तथा रु २५ लाखसम्मको कर्जा निम्ति शाखालाई अधिकार प्रत्यायोजन गर्न बैंक व्यवस्थापनसंग आग्रह गर्नुभयो । सो अवसरमा विशिष्ट अतिथि रावावैंक संचालक समितिका अध्यक्ष डा. रेवत बहादुर कार्कीले रावावैंकले जनताको नासोको रूपमा रहेको निक्षेपलाई अत्युत्तम तरिकाले परिचालन गर्ने विश्वास दिलाउनु भयो । सो अवसरमा केद्रीय कार्यालय ब्रान्च अपरेसन विभागका प्रमुख ओमप्रकाश आचार्यले आफनो स्वागत मन्तव्यमा बैंकले दिने सेवा सुविधाबारे प्रकाश पार्नुभएको थियो ।

रावावैंक लिमिटेडका कम्पनी सचिव टेकराज जोशी लगायत राजनैतिक दलहरू र उद्योग वाणिज्य संघका स्थानीय प्रतिनिधिहरूको सहभागिता रहेको उक्त कार्यकममा स्थानीय उद्यमी,व्यापारी र सर्वसाधारण जनताको उपस्थिति थियो ।रावावैंक क्षेत्रीय कार्यालय नेपालगन्जका प्रवन्धक महेन्द्र प्रसाद अवस्थिको सभापतित्वमा सम्पन्न उक्त शुभारम्भ समारोहको संचालन सहायक प्रवन्धक अंगद श्रेष्ठले संचालन गर्नुभएको थियो ।यस अघि सोही कार्यको सिलसिलामा रावावैंक क्षेत्रीय कार्यालय नेपालगन्जबाट प्रवन्धक यज्ञ बहादुर वस्नेत,सहायक प्रवनधक लक्ष्मी प्रसाद गौतम ,व.स. तेज बहादुर डांगी र सहयोगी फूलाराम थारु सम्मिलित टोली त्यहां पुगेको थियो ।

### अध्यक्ष कार्कीद्वारा यूनियन पदाधिकारीहरूसंग विचार विमर्श

यसैबीच शाखा कार्याल शिवसरोजस्थमा कारोवार शुभारम्भकै क्रममा विशिष्ट अतिथिको हैसियतमा त्यसतर्फ  भ्रमणमा रहनुभएका रावावैक संचालक समितिका अध्यक्ष डा. रेवत बहादुर कार्कीले बैंकमा कार्यरत  विभिन्न कर्मचारी संघ संगठनहरूका नेपालगन्ज र धनगढी क्षेत्रका पदाधिकारीहरूसंग भेटघाट गरी बैंकको समग्र कार्यदक्षता अभिबृध्दि र कर्मचारीको पेशागत हीत प्रवर्ध्दननिम्ति चालिनुपर्ने कदमहरूसम्वन्धमा विचार विमर्श गर्नुभयो ।

### गैंडाकोट (नवलपरासी)

यसैगरि नवलपरासीको महत्वपूर्ण व्यापारिक केन्द्र गैंडाकोटमा पुनर्स्थापित रावावैक शाखा कार्यालय गैडाकोटमा नवलपरासीबाट प्रतिनिधित्व गर्ने संविधान सभा सदस्य तथा नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा. सशांक कोइरालाले कारोवारको शुभारम्भ गर्नुभयो । सो अवसरमा बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्माले बैंकद्वारा प्रदत्त आधुनिक सेवा सुविधाको व्यापक उपयोग गरी पारस्परिक समृध्दिमा सघाउन स्थानीय उद्यमी व्यवसायी तथा सर्वसाधारण जनतालाई आग्रह गर्नुभयो । रावावैंक सञ्चालक समितिका अध्यक्ष डा. रेवत बहादुर कार्कीको सभापतित्वमा क्षेत्रीय कार्यालय पोखराका प्रवन्धक देवेन्द्र खनालको संचालनमा सम्पन्न उक्त शुभारम्भ समारोहमा पूर्व सांसद महेन्द्र ध्वज जि.सि. र बैंकको ब्रान्च अपरेसन विभागका प्रमुख ओमप्रकाश आचार्य लगायतका वक्ताले मन्तव्य दिनुभएको थियो ।

### सिजुवावजार (मोरंग)

असार ११

यसैगरी मोरंग जिल्लाको व्यापारिक केन्द्र सिजुवावजारमा पुनस्थापित १५० औ शाखा कार्यालयको रावावैंक संचालक समितिका अध्यक्ष डा नरहरि ढकालले शुभारम्भ गर्नुभयो । विराटनगर क्षेत्रीय कार्यालयका प्रवन्धक गोपाल प्रसाद पौडेलको सभापतित्वमा संचालित उक्त शुभारम्भ समारोहमा सौंठा उच्च मा.वि.का प्राचार्य मकुन्द ढुंगाना ,व्यापारी टिकाधारी साह लगायत स्थानीय उद्यमी व्यवसायी वुध्दिजीविहरूले रावावैंकसंग कारोवारको सुअवसर पाएकोमा प्रशन्नता व्यक्त गर्नुभएको थियो ।

### पशुपतिनगर (इलाम)

असार १६ इलाम, इलाम जिल्लाको प्रमुख व्यापारिक केन्द्र पशुपतिनगरमा पुनस्थापित राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय पशुपतिनगरको राष्ट्रिय वाणिज्य बैंक क्षेत्रीय कार्यालय विराटनगरका प्रवन्धक गोपाल प्रसाद पौडेलले एक समारोहकावीच शुभारम्भ गर्नुभयो । शुरुदिनदेखि नै पूर्ण कम्प्युटरीकृत शाखाको रूपमा पुनर्स्थापित उक्त शाखा कार्यालयको शुभारम्भ समारोहमा स्थानीय वौद्धधाम उच्च मा.वि.का प्राचार्य रोशन योन्जन,उद्योग वाणिज्य संघ पशुपतिनगरका कार्यवाहक अध्यक्ष हेम चाम्लिंग लगायतका वक्ताले शुभकामना मन्तव्य दिनुभएको थियो । पुनर्स्थापित शाखा कार्यालयका प्रवन्धक तारा प्रसाद सापकोटाको सभापतित्वमा स्थानीय भद्रभलाद्मी, उद्यमी ,व्यवसायी तथा सर्वसाधारणको भव्य उपस्थितिमा सम्पन्न उक्त समारोहमा रावावैंक शाखा कार्यालय फिक्कलका प्रवन्धक राजु काफ्लेले स्वागत मन्तव्य दिनुभएको थियो । स्मरण रहोस् वि.सं.२०६० सालमा कमजोर शान्ति सुरक्षाका कारण उक्त शाखा स्थानान्तरित गरिएको थियो ।

### जदुकोहा (धनुषा)

असार २७ जनकपुर, धनुषा जिल्लाको प्रमुख व्यापारिक केन्द्र जदुकोहामा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड्को शाखा कार्यालय पुनर्स्थापना गरिएको छ । पुनर्स्थापित राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय जदुकोहाको धनुषा जिल्लाका प्रमुख जिल्ला अधिकारी कृष्ण प्रसाद ढुंगानाले एक समारोहकावीच शुभारम्भ गर्नुभयो । सो अवसरमा प्रमुख अतिथि कृष्ण प्रसाद ढुंगानाले शाखा पुनर्स्थापना निम्ति बैंकलाई धन्यवाद ज्ञापन गर्दै बैंकले स्थानीय आवश्यकता हेरेर कार्यक्रम ल्याउनु पर्ने एवं सर्वसाधारण जनतालाई सरल एवं सहज रूपमा सेवा उपलब्ध गराउनुपर्ने वताउनुभयो ।

राष्ट्रिय वाणिज्य बैंक क्षेत्रीय कार्यालय विराटनगरका प्रवन्धक नर्वदेश्वर पाठकको सभापतित्व एवं केन्द्रीय कार्यालयका उप प्रवन्धक इश्वरी न्यौपानेको संचालनमा सम्पन्न उक्त शुभारम्भ समारोहमा रावावैंक केन्द्रीय कार्यालय ब्रान्च अपरेसन विभागका प्रमुख ओमप्रकाश आचार्यले बैंकका सेवा सुविधासम्वन्धमा प्रकाश पार्नुभएको थियो भने स्थानीय समाजसेवीहरू श्याम चौधरी, राजकुमार कर्माचार्य लगायतका वक्ताले शुभकामना मन्तव्य दिनुभएको थियो । स्थानीय भद्रभलाद्मी, उद्यमी ,व्यवसायी तथा सर्वसाधारणको भव्य उपस्थितिमा सम्पन्न उक्त शुभारम्भ समारोहमा रावावैंक शाखा कार्यालय जनकपुरका उप प्रवन्धक श्याम ठाकुरले स्वागत मन्तव्य दिनुभएको थियो । स्मरण रहोस् वि.सं.२०५९ सालमा कमजोर शान्ति सुरक्षाका कारण उक्त शाखा स्थानान्तरित गरिएको थियो ।

### इनरुवा (सुनसरी)मा रावावैंकको काउन्टर

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले नेपाल सरकार र सर्वसाधारण जनताको मालपोतसम्वन्धी सेवाशुल्क लेनदेन कार्यलाई सहज बनाउन जिल्ला मालपोत कार्यालय सुनसरी इनरुवाको परिसरमा हालै एक्स्टेन्सन काउन्टर स्थापना गरेको छ । उक्त काउन्टरको सुनसरीका प्रमुख जिल्ला अधिकारी सुदर्शन ढकालले एक समारोहका बीच समुद्घाटन गर्नुभयो । राष्ट्रिय वाणिज्य बैंक क्षेत्रीय कार्यालय विराटनगरका प्रवन्धक गोपाल प्रसाद पौडेलको सभापतित्वमा सम्पन्न उक्त समुद्घाटन समारोहमा प्रमुख मालपोत अधिकृत श्रवण कुमार पोखेल र लेखापढी व्यवसायी संघका अध्यक्ष राजकुमार पोखेल लगायतका महानुभावले रावावैंकको काउन्टर स्थापनाबाट सरकार र सेवाग्राही दुबै लाभान्वित हुने विश्वास सहित शुभकामना मन्तव्य दिनुभएको थियो भने रावावैंक शाखा कार्यालय इनरुवाका प्रवन्धक शुक्रराज कुंवरले स्वागत मन्तव्य दिनुभएको थियो ।

राष्ट्रिय वाणिज्य बैंकले देशभरका ६७ जिल्लामा कुनै पनि शाखा बैंकिंग सेवा (एविविएस) सहितका कम्प्युटरीकृत १५७ शाखा कार्यालय, १४ वटा काउन्टर २८ वटा ब्रान्चलेस बैकिंग मार्फत १९ लाख बढी ग्राहकलाई बैकिंग सेवा पुरयाउदैआएको छ । यस बैकका ८० स्थानमा आफनै एटिएम आउटलेट् रहेका छन्  ।

### समवेदना

शाखा कार्यालय वुटवल खस्यौलीका सहायक पाँचौ प्रेम प्रसाद सुवेदी (१०१६४) का पिता कुल प्रसाद सुवेदी (९२ )को  मिति ०७१।१।२६मा सहायक पांचौ लक्ष्मण श्रेष्ठ (११२९८) का पिता टुक लाल श्रेष्ठ (८३) को मिति ०७१।१।१४ मा ,मुख्य शाखा कार्यालय काठमाडौंका उप प्रवन्धक शाम्बराज लामिछाने (१०६५६) का पिता कृष्ण प्रसाद लामिछानेको मिति ०७१।३।२५ मा, लक्ष्मण घिमिरेकी माता तिलक कुमारी घिमिरे (८१) को मिति ०७१।२।३० मा, क्षे.का. नेपालगन्जका सहायक पांचौ पंकज कुमार श्रेष्ठकी माता लक्ष्मी देवी श्रेष्ठ (७७) को मिति ०७१।२। १८मा ,प्रमुख कार्यकारी अधिकृतको कार्यालयका सहायक प्रवन्धक अग्र बहादुर विष्ट (८९७७) की माता जौकिला विष्टको मिति ०७१।३।६ मा ,के.का. वित्त विभागका उप प्रवन्धक शिव प्रसाद श्रेष्ठ (८२११) की माता विष्णु कुमारी श्रेष्ठको मिति ०७१।३।१मा, ट्रेजरी विभागका प्रवन्धक निम्बल श्रेष्ठ (११४७३) की हजुरआमा द्रौपती कुमारी श्रेष्ठ (८६) को मिति ०७१।५।१८ मा निधन भएकोमा दिवंगत आत्माहरूको चिरशान्तिको निम्ति परमेश्वरसँग प्रार्थना गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
. . . तपाईंको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक**
**परिवार**

# तालीम विदेश

### हनोई (भियतनाम)



*(MK Smart Joint Stock Company ltd. Vietnam का प्रमुख कार्यकारी अधिकृत लाई रावाबैंक लि. नेपालका तर्फबाट उपहार प्रदान गर्दै प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्मा)*

यस बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्मा ,मुख्य प्रवन्धकहरू ओम प्रकाश आचार्य, सुशिल श्रेष्ठ, केशव प्रसाद लम्साल, गायत्री नेपाल र वरिष्ट प्रवन्धक देवेश प्रसाद लोहनीले भियतनाममा अगस्त ११ देखि अगस्त १४ सम्म Datum System Private Limited द्वारा हनोईमा संचालित International Study Visit on banking business reform विषयक तालीम कार्यक्रममा सफलतापूर्वक भाग लिनुभयो ।



*(MK Smart Joint Stock Company ltd. का पदाधिकारीहरूसंग भेटघाटको एक झलक, तस्विर देवेश लोहनी)*

### क्वालालम्पुर (मलेसिया)

यस बैंकको केन्द्रीय कार्यालय कम्प्लायन्स डिभिजनका वरिष्ट प्रवन्धक तुलसीदास कोइराला,कर्जा असुली तथा पुनसंरचना विभागका वरिष्ट प्रवन्धक सुदर्शनराज पन्त र कानुन विभागका उप प्रवन्धक विष्णुप्रसाद कंडेलले Asian Institute of Finance Ltd. द्वारा अक्टोवर ८ २०१४ देखि सेप्टेम्वर ९ २०१४ सम्म मलेसियाको क्वालालम्पुरमा संचालित 6th International Conference on Financial Crime and Terrorism financing 2014 विषयक तालीम कार्यक्रममा सफलतापुर्वक भाग लिनुभयो ।

### बैंकक (थाईल्याण्ड)

यसैगरि यस बैंकका तपसिल अनुसारका प्रवन्धकहरूले Sambad Technologies Private Limited द्वारा थाइल्याण्डको बैंककमा २५ अगस्तदेखि २९ अगस्तसम्म संचालित Emerging Issues in Banking System विषयक तालीम कार्यक्रममा सफलतापूर्वक भाग लिनुभयो ।

**तपसिल**

| | |
|---|---|
| वरिष्ट प्रवन्धक भरत के.सी. | प्रवन्धक विमल डंगोल |
| प्रवन्धक जगननाथ कुंइकेल | प्रवन्धक राजेन्द्र प्रसाद दहाल |
| प्रवन्धक देवेन्द्र खनाल | उप प्रवन्धक दुष्यन्त राज निरौला |
| उप प्रवन्धक शंकर पहारी | उप प्रवन्धक फौद बहादुर सुनुवार |
| उप प्रवन्धक भिमप्रसाद घिमिरे | उप प्रवन्धक वेद प्रसाद आचार्य |
| उप प्रवन्धक चेतराज भट्ट | उप प्रवन्धक इश्वरी न्यौपाने |
| उप प्रवन्धक उत्तम बहादुर ढुंगाना | उप प्रवन्धक युवराज घिमिरे |
| उप प्रवन्धक अविता श्रेष्ठ | उप प्रवन्धक सोनी श्रेष्ठ |

### बैंकक

यस बैंकका निम्न कर्मचारीहरुले Sambad Technologies Private Ltd द्वारा Multiple Intelligence International Co.Ltd. Bangkok Thailand को प्राविधिक सहयोगमा सेप्टेम्वर १५ देखि सेप्टेम्बर १९ सम्म संचालित International Training Program on Emerging Issues in Banking System विषयक तालीम कार्यक्रममा सफलतापूर्वक भाग लिनुभयो ।

| | | | |
|---|---|---|---|
| मुख्य प्रवन्धक | उध्दवराज खनाल | प्रवन्धक | गोविन्द बहादुर अधिकारी |
| प्रवन्धक | सीताराम अधिकारी | प्रवन्धक | किशोर अधिकारी |
| प्रवन्धक | शम्भुनाथ योगी | प्रवन्धक | ध्रुवप्रसाद अधिकारी |
| उप प्रवन्धक | रामहरि शर्मा | उपप्रवन्धक | संजीपजंग कार्की |
| उपप्रवन्धक | वरुण कुमार कर्ण | उपप्रवन्धक | ऋषिराम ढकाल |
| उपप्रवन्धक | राजकुमार थापा | उपप्रवन्धक | सेचन रेग्मी |
| उपप्रवन्धक | हेमराज मरहठ्ठा | उपप्रवन्धक | विक्रममान श्रेष्ठ |

## तालीम स्वदेश
## NFRS Training मा
## रावावैंक कर्मचारीको सहभागिता

Adam Smith International Regulator's Training Centre Patan Dhoka Lalitpur,Nepal द्वारा Training Partner KPMG र TR Upadhya & Co. संगको सहकार्यमा संचालित Nepal Financial Reporting Standards (NFRS) विषयक तालीम कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंकका २४ वरिष्ट अधिकृतहरुले दुई समूहमा भाग लिनुभयो । मार्च ३२ देखि आरम्भ भएको हरेक महिना एक हप्ताको हिसावले ७ हप्ता लामो उक्त तालीम कार्यक्रममा सहभागीहरुको नाम यस प्रकार रहेको छ ।

**पहिलो समूह**

| | | | |
|---|---|---|---|
| १ | सरस्वती अधिकारी | २ | रविन्द्र शाही |
| ३ | विनय रमण पौडेल | ४ | निम्बल श्रेष्ठ |
| ५ | निर्मल न्यौपाने | ६ | अन्जना के.सी. |



| | | | |
|---|---|---|---|
| ७ | संजय कुमार श्रेष्ठ | ८ | होमराज भट्टराई |

९ सुनिल पोखेल

**दोश्रो समूह**

| | | | |
|---|---|---|---|
| १० | सारा प्रधान | ११ | सुशिला अधिकारी |
| १२ | विमल डंगोल | १३ | ध्रुव प्रसाद अधिकारी |
| १४ | रुद्रनाथ पोखेल | १५ | नविन भण्डारी |
| १६ | सुरजलाल अमात्य | १७ | नविन ढकाल |
| १८ | रामजी आचार्य | १९ | कमल शर्मा |



२०  राजेन्द्र आचार्य  २१  भवानी शंकर निरौला
२२  विश्व प्रसाद दहाल  २३  रमेश खड्का
२४  द्रोण उप्रेती

## पूर्व सेवा तालीम कार्यक्रम सम्पन्न

**असार २८ वोडे भक्तपुर**

"राष्ट्रिय वाणिज्य बैंक पुरातन बैकिंगबाट आधुनिक बैंकिंगतर्फ प्रवेश गरिरहेको वर्तमान अवस्थामा बैंकलाइ अग्रगति दिन नवप्रवेशी कर्मचारीको कांधमा गुरुत्तर दायित्व रहेको छ ।....

बजारमा सरकारी बैंकहरूको सेवा र ग्राहक व्यवहार कमजोर रहेको गुनासो वारम्वार सुनिने सन्दर्भमा नवनियुक्त कर्मचारीबाट यो गुनासो सदाको लागि हट्ने गरी सम्पूर्ण सेवा (कम्प्रिहेन्सिभ सर्विस्) दिइने अपेक्षा लिइएको छ ।....

सरकारी बैंकका नाताले रावावैंकले सामाजिक दायित्व पनि वहन गर्नुपर्ने सन्दर्भमा कर्मचारीहरू आफू कार्यरत क्षेत्रमा रहेका संभावना र अवसरबारे अध्ययनशील रही ती अवसरलाई उपलब्धिमा रूपान्तरित गर्न प्रयत्नशील रहनु पर्छ ।....

कर्मचारीहरू निरन्तर अध्ययनशील भई ,आफ्नो प्रतिभा र कार्यदक्षता बढाउँदै जाने ,सेवा प्रवाहमा चुस्तता कायम गर्ने ,समस्या समाधान क्षमता बढाउने , अनुशासित रहने ,सकारात्मक सोंच राख्ने, विकसित हुँदै गरेका प्रविधि र बैंकका प्रोडक्ट सेवा वारे अद्यावधिक रहने  र सरकारी बैंकमा कार्यरत कर्मचारीको नाताले दृष्टिकोण तथा सोंचहरू विकास गर्दा राष्ट्रिय रूपमा सोच्ने गुणहरू सवल वनाउँदै जानु पर्छ ।....

साथै स्थानीय ग्राहकको चाहना र आवश्यकताबारे निरन्तर अध्ययन गरी केन्द्रमा रिपोर्ट गर्ने परिपाटी चलाउनु पर्छ र आफू गएको शाखामा व्यापक परिवर्तनको आभाष दिनु सक्नु पर्छ ।...."




उपरोक्त अभिव्यक्ति राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले बैंकद्वारा हालै खुल्ला प्रतिष्पर्धाबाट नियुक्त गरिएका ५३ कनिष्ठ सहायक कर्मचारीलाई प्रदान गरिएको ५ दिवशीय तालीम कार्यक्रमको शुभारम्भ समारोहमा प्रमुख अतिथिको हैसियतले दिनुभएको मन्तव्यका क्रममा दिनुभएको हो ।

यसअघि मानव संशाधन विभागका प्रमुख विष्णुप्रसाद पौडेलले नवनियुक्त कर्मचारीलाई शपथ ग्रहण गराउनुभएको थियो । सो अवसरमा तालीम तथा विकास विभागका उपप्रमुख मित्रलाल पंज्ञानीले स्वागत मन्तव्य,  प्रमुख विर वहादुर चन्दले धन्यवाद मन्तव्य र कृषि विकास बैंक वोडेका होष्टल वार्डेन चुडामणि तिमिल्सिनाले शुभकामना मन्तव्य दिनुभएको थियो । तालीम तथा विकास विभागका नायव मुख्य अधिकृत शिवराम पौडेलको संचालनमा सम्पन्न उक्त शुभारम्भ समारोहमा बैंकका नायव महाप्रवन्धक भेषराज पन्थी, का.मु.नायव महाप्रवन्धक सुरेन्द्र कुमार वजिमयो, प्रवन्धक मुकुन्द अर्याल लगायतका महानुभावको समुपस्थिति थियो ।

यसैवीच असार २८ गते उक्त तालीम कार्यक्रमको समापन भयो । उक्त समापन समारोहमा प्रमुख अतिथि राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय तालीम तथा विकास विभागका प्रमुख वीर वहादुर चन्द, उपप्रमुख मित्रलाल पंज्ञानी र प्रवन्धक शिवराम पौडेलले मन्तव्य दिनुभएको थियो । तालीम कार्यक्रमका संयोजक तालीम तथा विकास विभागका सहायक प्रवन्धक हारित कुमार रेग्मीको संचालनमा सम्पन्न उक्त समारोहमा शाखा कार्यालय वैतडीका कनिष्ठ सहायक सुमन भट्ट र शाखा कार्यालय सुर्खेतका कनिष्ठ सहायक रमेश खड्काले मन्तव्य दिनुभएको थियो ।

## पूर्व सेवा तालीम

**असोज २२ वोडे**

राष्ट्रिय वाणिज्य बैंकद्वारा खुल्ला प्रतियोगिताबाट हालै नियुक्त गरिएका सहायक तेश्रो (४७ )  तहका कर्मचारीको सहभागितामा संचालित सप्ताहव्यापी आवाशीय पूर्व सेवा तालीम कार्यक्रम हालै सम्पन्न भयो । बैंकको तालीम तथा विकास विभागद्वारा संचालित उक्त तालीम कार्यक्रमको नायव महाप्रवन्धक भेषराज पन्थीले एक समारोहका बीच शुभारम्भ गर्नुभएको थियो । सो अवसरमा नायव महाप्रवन्धक पन्थीले नवनियुक्त कर्मचारीलाई वधाइ ज्ञापन गर्दै नयां पुस्ताको कांधमा यस बैंकलाई हर क्षेत्रमा सफल बनाउने गुरुत्तर दायित्व रहेको वताउनुभयो । सो अवसरमा मानव संशाधन विभागका प्रमुख विष्णुप्रसाद पौडेलले नवनियुक्त कर्मचारीलाई शपथ ग्रहण गराउनुभएको थियो । बैंकको तालीम तथा विकास विभागका प्रवन्धक शिवराम पौडेलको संचालनमा सम्पन्न उक्त तालीम कार्यक्रममा सोही विभागका उपप्रमुख मित्रलाल पंज्ञानीले स्वागत मन्तव्य र प्रमुख रमिता सुवालले धन्यवाद मन्तव्य दिनुभएको ।



यसैगरि उक्त तालीमको समापन समारोहमा प्रशिक्षक डा. राजु अधिकारी ,तालीम विभागका प्रमुख रमिता सुवाल,उपप्रमुख मित्रलाल पंज्ञानी,प्रवन्धक शिवराम पौडेल लगायतका वक्ताले तालीम सम्वन्धमा मन्तव्य दिनुभएको थियो । सहायक प्रवन्धकद्वय हारित कुमार रेग्मी र किरण श्रेष्ठको संयोजनमा ४५ कर्मचारीको सहभागितामा बोडेमा सम्पन्न  उक्त तालीमको समापन समारोहमा सहभागीको तर्फबाट शाखा कार्यालय गुल्मीका सम्झना ज्ञवाली र शाखा कार्यालय दमकका द्वारिका दहालले मन्तव्य दिनुभएको थियो ।

( हारित कुमार रेग्मीबाट प्राप्त सूचनाको आधारमा तयार सामग्री)

> "The most significant in a person's life is a change of attitude, right attitude produces right action."
> – William J. Johnson
> (बोडे स्थित कृ.वि.वैंकको तालीम हलको भित्तामा राखिएको भनाइ)

## श्रद्धाञ्जली



शाखा कार्यालय सानोठिमीका व.स. मन्जु शर्मा (७६०६) को मिति ०७१ असोज ८ गते निधन भएकोले दिवंगत आत्माको चिर शान्तिको लागि सर्वशक्तिमान भगवानसंग प्रार्थना गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
. . . तपाईंको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक**
**परिवार**

# नेपाल वित्तिय संस्था कर्मचारी संघ रावावैंकद्वारा विविध कार्यक्रम आयोजना

## वी.पी.को शतवार्षिकी समारोह

**भाद्र २५ काठमाडौं,**

नेपालको साहित्यिक र राजनीतिक फांटका जाज्वल्यमान नक्षत्र स्व.विश्वेश्वर प्रसाद कोईरालाको शतवार्षिकी भव्यरूपमा मनाउने क्रममा नेपाल वित्तीय संस्था कर्मचारी संघ रावावैंक केन्द्रीय समितिद्वारा बैंकर्स क्लव थापाथलीमा एक भव्य समारोहको आयोजना गरियो । उक्त समारोहको प्रमुख अतिथि नेपाली कांग्रेसका कार्यवाहक सभापति रामचन्द्र पौडेलले दीप प्रज्ज्वलन गरी समुद्घाटन गर्नुभएको थियो । सो समारोहमा प्रमुख अतिथि रामचन्द्र पौडेल, रावावैंक संचालक समितिका अध्यक्ष डा. रेवत बहादुर कार्की, रावावैकका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्मा, नेपाली कांग्रेसका केन्द्रीय सदस्यद्वय गगन थापा र चन्द्र भण्डारी, नेपाल ट्रेड यूनियन कांग्रेसका केन्द्रीय अध्यक्ष खिलानाथ दहाल,नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय समितिका अध्यक्ष गणेश के.सी. लगायतका वक्ताले वी.पी.को वहुआयामिक व्यक्तित्वका साथै बैंक तथा कर्मचारीका समसामयिक विषयमा मन्तव्य दिनुभएको थियो ।

आयोजक संघका केन्द्रीय अध्यक्ष जितेन्द्र सिंह थापाको सभापतित्वमा



महासचिव माधव दत्त पन्तको संचालनमा सम्पन्न उक्त समारोहमा रावावैंक संचालक समितिका सदस्य श्रीमती शिवादेवी काफ्ले, रावावैंकका नायव महाप्रवन्धकद्वय भेषराज पन्थी,सुरेन्द्र कुमार वजिमयो रावावैंक कर्मचारी संघ नेपालका केन्द्रीय अध्यक्ष नारायण प्रसाद सुवेदी, राष्ट्रिय कर्मचारी संगठन नेपालका अध्यक्ष राजेन्द्र कार्की, नेपाल राष्ट्रिय कर्मचारी संगठनका महासचिव दीपेन्द्र कार्की वित्तीय संघ राष्ट्रिय समितिका वासुदेव खत्री ,आयोजक संघका पूर्व अध्यक्षहरू उद्धवप्रसाद गौतम,पुण्य प्रसाद भट्टराइ, शिवराम पौडेल लगायतका महानुभावको उपस्थिति थियो ।

सो अवसरमा ०७० को एसएलसिमा उत्कृष्ठ अंक ल्याउने आयोजक संघ सम्वध्द कर्मचारीका ३ छोराछोरीलाई पुरष्कृत गरियो । सोही अवसरमा नेपाल राष्ट्र बैंकका कर्मचारी प्रल्हाद गिरीद्वारा लिखित अबको पालो आर्थिक क्रान्तिको नामक पुस्तक प्रमुख अतिथि रामचन्द्र पौडेलले विमोचन गर्नुभएको थियो ।

## महिलाको क्षमता अभिवृध्दिसम्वन्धी तालीम

साउन २९ ,काठमाडौ

नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक (फियन रावावैंक) केन्द्रीय समितिको महिला विभागद्वारा आयोजित दुइ दिवशीय महिलाको क्षमता अभिवृध्दिसम्वन्धी तालीम हालै सम्पन्न भयो । उक्त कार्यक्रमको नेपाली कांग्रेस




केन्द्रीय समितिका सदस्य एवं संविधानसभाका सदस्य महलक्ष्मी (डिना )उपाध्याय अर्यालले काठमाडौमा आयोजित एक समारोहका बीच समुद्घाटन गर्नुभएको थियो । सो अवसरमा प्रमुख अतिथि अर्यालले महिला हक हीत संरक्षण निम्ति वैधानिक प्रयास जारी रहेको वताउँदै यस क्षेत्रमा पूर्ण सफलता निम्ति महिला हकहरूको व्यावहारिक कार्यान्वयनमा महिला र पुरुष दुबैको सहकार्य आवश्यक रहेको वताउनुभयो । सो अवसरमा विशेष अतिथि राष्ट्रिय वाणिज्य बैंकका नायव महाप्रवन्धक भेषराज पन्थीले मानव संशाधन कुनै पनि संस्थाको महत्वपूर्ण पुंजी रहेको सन्दर्भमा मानव पुँजीले कार्यरत संस्थालाई र राष्ट्रलाई सेवाकालमा र अवकाशोपरान्त समेत प्रतिफल दिनुपर्ने वताउँदै राष्ट्को समग्र उत्पादकत्व अभिवृध्दि गर्न र परिवर्तित परिवेशमा आफनो गरिमा जोगाईराख्न यूनियनहरू व्यावसायिक हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो । आयोजक फियन रावावैंक महिला विभागका संयोजक उषा श्रेष्ठको सभापतित्वमा सम्पन्न समुद्घाटन समारोहमा महिला विभागका सह संयोजक रन्जना महर्जनले स्वागत मन्तव्य दिनु भएको थियो । राष्ट्रिय वाणिज्य बैंकका काठमाडौ क्षेत्रका ८० महिला कर्मचारीको सहभागिता रहेको उक्त समारोहमा नेपाल ट्रेड यूनियन कांग्रेसका राष्ट्रिय उपाध्यक्ष रमा पौडेल ,फियन राष्ट्रिय समितिका उपाध्यक्ष ऋषिराम आचार्य , आयोजक संघका केन्द्रीय अध्यक्ष जितेन्द्र सिंह थापा लगायतका वक्ताहरूले शुभकामना मन्तव्य दिनुभएको थियो ।

यसैवीच भाद्र ६ गते केन्द्रीय कार्यालय परिसरमा नेपाल वित्तीय संस्था कर्मचारी संघ रावावैंक महिला विभागद्वारा हरितालिका तीज ०७१ को उपलक्षमा शुभकामना तथा सांस्कृतिक कार्यक्रम आयोजना गरियो । सो समारोहमा राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माको प्रमुख आतिथ्य थियो ।

## शुभकामना तथा चियापान कार्यक्रम

असोज १० काठमाडौ

नेपाल वित्तीय संस्था कर्मचारी संघ रावावैंक केन्द्रीय समितिद्वारा विजया दशमी,दीपावली, छठ ,ल्होसार ,इद २०७१ तथा नयां वर्ष नेपाल सम्वत ११३५ को उपलक्षमा एक शुभकामना कार्यक्रम आयोजना गरियो । सो अवसरमा प्रमुख अतिथि राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका अध्यक्ष डा. रेवत बहादुर कार्कीले परिवर्तित परिवेशमा ट्रेड यूनियनहरू व्यावसायिक हुदैगएकोमा सन्तोष प्रकट गर्दै ट्रेड यूनियनहरूले सुशासन आफैभित्रबाट शुरु गरी कार्यरत संस्थाको सुशासन सुनिश्चित पार्न योगदान पुरयाउनु पर्ने वताउनु भयो । सो अवसरमा विशेष अतिथि राष्ट्रिय वाणिज्य बैंकका नायव महाप्रवन्धक भेषराज पन्थीले हाम्रा चाडवाडहरूले सांस्कृतिक एकता कायम गर्न सघाउने वताउदै सबै नेपाली दाजुभाइ दिदी वहिनीमा सुख शान्ति र समृध्दिको शुभकामना प्रकट गर्नभयो । सो अवसरमा राष्ट्रिय कर्मचारी संगठन नेपालका अध्यक्ष राजेन्द्र कार्की, नेपाल राष्ट्रिय कर्मचारी संगठन के.स.का उपाध्यक्ष हेमकर्ण तिमिल्सिना ,रावावैंक कर्मचारी संघ नेपालका सचिव रामप्रसाद जोशी लगायतका वक्ताले शुभकामना मन्तव्य दिनुभएको थियो । आयोजक संघका केन्द्रीय अध्यक्ष जितेन्द्र सिंह थापाको सभापतित्वमा महासचिव माधव दत्त पन्तको संचालनमा सम्पन्न उक्त कार्यक्रममा आमन्त्रित विशिष्ट व्यक्तित्वहरूका साथै बैंकका उच्च पदस्थ अधिकृत र कर्मचारीको बाक्लो उपस्थिति थियो ।

## रावाबैंक कर्मचारी संघ नेपालको २५औं वार्षिकोत्सव भव्यतापूर्वक मनाइयो

श्रावण ६ काठमाडौं

रावाबैंक कर्मचारी संघ (राविया )नेपालको २५ औ वार्षिकोत्सव तथा रजत जयन्ती सप्ताहव्यापी रूपमा रक्तदान, हाजिरी जवाफ एवं खेलकुद प्रतियोगिताका साथै सम्मान तथा पुरष्कार वितरण लगायतका विविध कार्यक्रमहरूको आयोजना गरि भव्यतापूर्वक मनाइयो । यसै सिलसिलामा बैंकको केन्द्रीय कार्यालय परिसरमा नेकपा एमालेका सचिव तथा पूर्व उर्जा मन्त्री गोकर्ण विष्टको प्रमुख आतिथ्यमा मूल समारोहको आयोजना गरियो । सो अवसरमा प्रमुख अतिथि गोकर्ण विष्टले आ.व. ०५७।०५८ ताका वित्तीय क्षेत्र सुधार कार्यक्रमको आरम्भताका रावाबैंकको



सुधार प्रकृयामा आफू पनि संलग्न रहेको र त्यो बेला बैंकको अवस्था अत्यन्त कमजोर रहेको स्मरण गर्दै हाल रावाबैंकको समग्र कारोवार सन्तोषजनक रहेको थाहा पाउंदा अत्यन्त खुशी लागेको वताउनुभयो। रावाबैंकसामु सार्वजनिक दायित्व



वहन र प्रतिषर्धा दुई परस्पर विरोधी चुनौती रहेको चर्चा गर्दै प्रमुख अतिथि विष्टले रावावैंकले आफना कर्मचारीद्वारा स्वामित्व महसुस हुने अवस्था सिर्जना गरेमा बैंकको भविष्य सुन्दर रहने वताउनुभयो। सो अवसरमा श्री बिष्टले समृद्ध नेपाल र सभ्य समाज निर्माण आजको चुनौती रहेको सन्दर्भमा देशमा काम संस्कृतिको विकास आजको आवश्यकता रहेको वताउनुभयो। विशेष अतिथि राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले विश्वभरमै सरकारी कारोवारहरू सरकारी बैंकद्वारै चलाइने परम्परा रहेको सन्दर्भमा नेपालमा समेत सरकारी कारोवार निम्ति रावावैंकले प्राथमिकता पाउनु पर्ने वताउनुभयो। पछिल्ला दिनहरूमा ट्रेड यूनियनहरूमा व्यावसायिकता बढिरहेको वताउदै प्रमुख कार्यकारी अधिकृत शर्माले राष्ट्रिय वाणिज्य बैंक सेवाको स्वर्ण वर्षमा प्रवेश गर्नुका साथै बैंकमा कार्यरत कर्मचारी संघ रजत वर्षमा प्रवेश गरी दुबै परिपक्वता तर्फ लम्किरहेको सन्दर्भमा बैंकले कर्मचारी यूनियनहरूबाट रचनात्मक कार्यहरूको अपेक्षा गरेको वताउनुभयो। नेपालका करिव ६० प्रतिशत जनता अझै बैकिंग सेवाबाट विमुख रहेकोले सरकारी बैंकको नाताले समावेशी बैकिंगमा विशेष ध्यान पुराइने वताउदै त्यसनिम्ति वित्तीय साक्षरता र वित्तीय पहुंचलाई साथसाथै अघि बढाइने वताउनुभयो। सो अवसरमा इलेक्ट्रोनिक विभागका प्रमुख कपिलमणि ज्ञवालीले इलेक्ट्रोनिक बैकिंग सेवा विस्तार सम्वन्धमा बैंकद्वारा जारी प्रयास तथा आगामी कार्ययोजनाबारे विशेषः प्रस्तुती दिनुभएको थियो। सो क्रममा श्री ज्ञवालीले रावावैंकले हाल एटिएम सेवा २ लाख ग्राहकलाई र मोवाईल बैकिंग सेवा ६०००० ग्राहकलाई पुराइरहेको वताउदै बैंक परिसरभन्दा परको बैकिंग (वियोण्ड द बैकिंग) लाई अघि बढाउन इन्टरनेट बैकिंग,ब्रान्चलेस बैकिंग, मोवाईल बैकिंग, एटिएम तथा क्यास डिपोजिट मेसिन लगायतका सेवाहरू द्रुततर गतिमा विस्तार गरिने वताउनुभयो।

सो अवसरमा आयोजक राविया नेपाल केन्द्रीय समितिका अध्यक्ष नारायण प्रसाद सुवेदीले संघद्वारा बैंक तथा कर्मचारीको हीत प्रवर्धन निम्ति जारी प्रयास तथा भावी योजनाबारे प्रस्तुती दिनुभएको थियो भने राष्ट्रिय कर्मचारी संगठन नेपालका अध्यक्ष राजेन्द्र कुमार कार्की,नेपाल राष्ट्रिय कर्मचारी संगठनका वरिष्ट उपाध्यक्ष मित्र शर्मा पौडेल,नेपाल वित्तीय संस्था कर्मचारी संगठन रावावैंकका महासचिव माधव दत्त पन्त र राविया नेपालका पूर्व अध्यक्ष प्रकाशचन्द्र मुखिया लगायतका वक्ताले शुभकामना मन्तव्य दिनुभएको थियो।

सो अवसरमा बैंक तथा वित्तीय क्षेत्र स्तरीय हाजिरी जवाफ प्रतियोगिता, तातो आलु आन्तरिक प्रतियोगिताका विजयीहरूलाई पुरष्कार ,उत्कृष्ट वीरगन्ज क्षेत्रीय समितिलाई रनिंग शिल्ड र रक्तदाताहरूलाई प्रमाणपत्र प्रदान गरिनुका साथै राविया छात्रवृत्ति समेत प्रदान गरिएको थियो। सो अवसरमा राविया छात्रवृत्ति पाउने विद्यार्थीको तर्फबाट मार्केटिंग तथा विकास विभागका सहायक प्रवन्धक माधव प्रसाद अधिकारीकी सुपुत्री निमिषा अधिकारीले धन्यवाद मन्तव्य दिनुभएको थियो।

आयोजक संघका महासचिव वेद लावतीको संचालनमा केन्द्रीय उपाध्यक्ष हेमराज सुवेदीको स्वागत मन्तव्यबाट आरम्भ भएको सो समारोहमा अर्थविद् डा. विजय पौडेलको विशेष आतिथ्य, पेशागत महासंघका अध्यक्ष विश्वनाथ प्याकुरेल तथा अन्य राष्ट्रिय संगठनका पदाधिकारीको आतिथ्य र बैंकका उच्च पदस्थ अधिकृत तथा कर्मचारीको उल्लेख्य उपस्थिति थियो।

## विद्यार्थीसंग प्रमुख कार्यकारी अधिकृत

नेपाल कमर्स क्याम्पस मिनभवनका एमविएम तहमा अध्ययनरत विद्यार्थीहरूले राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्मासंग मर्जर र एक्वीजिसन सम्वन्धमा बैंकका नीतिगत एवं व्यावहारिक प्रयासका विषयमा छलफल गरे। उक्त छलफल अत्यन्त प्रेरणादायी,महत्वपूर्ण र शिक्षाप्रद रहेको सहभागीहरूले वताए।




*(नेपाल कमर्स क्याम्पसका विद्यार्थीहरु बायाँबाट जुनु पौडयाल, महेश राज जोशी, प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्मा, श्रध्दा कोइराला, चित्रलेखा झा तसविर जुन्)*

"पहिला त हामीलाई केही अप्ठेरो लागेको थियो यति ठूलो बैंकको सिइओसंग कसरी प्रस्तुत हुने होला, कहांबाट हाम्रो प्रसंग शुरु गर्ने होला ,भेट्नासाथ हामी अत्यन्त प्रभावित भयौ, कति हार्दिक र कति खुलस्त ढंगले कुरा गर्नुभयो, मानौ हामी सिइओसंग होइन आफनै चिरपरिचित साथीभाइ या अभिभावकसंग कुरा गरिरहेछौ।" सहभागीमध्येका एक महेशराज जोशीले रावावैंक समाचारलाई वताए।

**समाचार संक्षेप**

## राष्ट्रिय वाणिज्य बैंक : गत आर्थिक वर्षको मुनाफा १ अर्ब ७३ करोड

### निक्षेपमा १ खर्व नघाउने पहिलो वाणिज्य बैक

पूर्ण सरकारी स्वामित्वमा संचालित राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले गत आर्थिक वर्षमा १ अर्ब ७३ करोड ३४ लाख खुद मुनाफा आर्जन गरेको छ। बैंकको खुद मुनाफा गत वर्षको यसै अवधिको तुलनामा ३२ प्रतिशतले बढी छ। बैंकले यस अवधिमा १ खर्व ७ अर्ब निक्षेप संकलन गरी नेपालको वाणिज्य बैकिंग बजारमा निक्षेप १ खर्वभन्दा बढी पुरयाउने पहिलो बैंकको इतिहास बनाउन सफल भएको छ। यस अवधिमा बैंकले कर्जा सापट रु ६० अर्ब ५० करोड र लगानी रु ३२ अर्ब ६ करोड विस्तार गरी निक्षेप कर्जा अनुपात ५७ प्रतिशत पुरयाएको छ। बैंकको कुल कर्जा भाखा नाघेको कर्जा अनुपात ३.९५ प्रतिशत, बैंकको पुंजी लागत २.९५ प्रतिशत र आधार दर ६.३२ प्रतिशत रहेका छन्।

## राष्ट्रिय वाणिज्य बैंक मन्दिरमा रुद्री पूजा सम्पन्न

२० असार काठमाडौ

रावावैंक परिसरमा निर्मित शिव मन्दिरमा हालै रुद्री पूजा सम्पन्न भएको छ। उक्त रुद्री पूजामा पंडित रमेश सुवेदीले वैदिक रितले रुद्री पाठ तथा पूजा अर्चना गर्नुभएको थियो। रावावैंक प्रमुख कार्यकारी अधिकृतको कार्यालयका सहायक देवी पौडेलको संयोजनमा सोही कार्यालयका सहायक वालकृष्ण कोईरालाको सहयोगमा सम्पन्न उक्त पूजा पश्चात बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्मा,नायव महाप्रवन्धक गोपाल चन्द्र शर्मा,नायव महाप्रवन्धक भेषराज पन्थी, मुख्य प्रवन्धकद्वय विष्णुप्रसाद पौडेल र कविराज अधिकारी लगायतका उच्च पदस्थ अधिकृत तथा कर्मचारीले टीका एवं प्रसादी ग्रहण गर्नुभएको थियो।

## स्वास्थ्य लाभको कामना

यस समाचारका सह सम्पादक भरत नेपाल केही दिनयता अस्वस्थ भई उपचारको क्रममा रहनु भएकोले उहाँको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं।

-रा.वा.बैंक समाचार परिवार

Published by: Rastriya Banijya Bank, Central Office, General Service Department
Singhadurbar Plaza, Kathmandu, Ph: 4252595
Chief Advisor : CEO Krishna Prasad Sharma, Editor in Chief : Mukunda Aryal,
Co-editor (Distribution Management): Bharat Nepal, Email:rbbnl@rbb.com.np
Computer Design & Setting : Touch Creation P. Ltd., Bagbazar, Kathmandu,Tel: 01-4215448
Printed at : Adarsha Chhapakhana Lokanthali, Bhaktapur